आज मिति २०७७।०४।१२ गतेका दिन यस देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको हलमा देवचुली नगरपालिका स्तरीय नोभल कोरोना भाइरसको संक्रमण रोकथाम समन्वय समितिको बैठक नगर प्रमुख एवं समितिका संयोजक पूर्ण कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा बैठक बसी तपशिलका प्रस्तावहरूमाथि छलफल गरी निर्णयहरू गरियो।

उपस्थिति:

संयोजक श्री पूर्ण कुमार श्रेष्ठ नगर प्रमुख देवचुली नगरपालिका
सहसंयोजक श्री पार्वता तिवारी नगर उपप्रमुख " "
सदस्य श्री बिष्णु प्रसाद भुसाल प्र.प्र. अधिकृत
सदस्य श्री डिल बहादुर क्षेत्री प्रवक्ता एवं वडा-१३ अध्यक्ष
सदस्य श्री माधव के.सी. वडा-२, अध्यक्ष
सदस्य श्री लक्ष्मणराज भण्डारी वडा-१, अध्यक्ष
सदस्य श्री गोपाल राज शर्मा लम्साल वडा-३, अध्यक्ष
सदस्य श्री गिर बहादुर थापा क्षेत्री वडा-४, अध्यक्ष
सदस्य श्री शिवलाल सापकोटा वडा-५, अध्यक्ष
सदस्य श्री मिन बहादुर रोती मगर वडा-६, अध्यक्ष
सदस्य श्री भूपराज पाठक वडा-७ "
सदस्य श्री चन्द्र बहादुर सिंजाली वडा-८ "
सदस्य श्री भैरव बहादुर थापा साकु वडा-९ "
सदस्य श्री केशर ओली वडा-१० "
सदस्य श्री रमेश बहादुर ठाडा वडा-११ "
सदस्य श्री दिनानाथ भुसाल वडा-१२ "
सदस्य श्री हेमराज दवाडी वडा-१४ "
सदस्य श्री हरिभक्त भट्टराई वडा-१५ "
सदस्य श्री केशर बहादुर क्षेत्री वडा-१६ "
सदस्य श्री बिष्णुप्रसाद आचार्य वडा-१७ "
सदस्य श्री टिकामाया सिंजाली वडा-५ का.पा. सदस्य
सदस्य श्री सकुन्तला गुरुङ वडा-११, " "
सदस्य श्री सुवोचन्द्र सुवेदी वडा-१३ " "
सदस्य श्री माया सुवेदी वडा-१५ " "

सदस्य श्री नव कुमारी शर्मा वडा-१८, कार्यपालिका सदस्य
सदस्य श्री कमला दमाई वडा-१६, " "
सदस्य श्री खेमलाल नेपाली वडा-३, " "
सदस्य श्री भोज बहादुर मागी वडा-१, " "
सदस्य श्री प्रेमा खनाल अध्यक्ष ने.क.पा. देवचुली
सदस्य श्री रविलाल सापकोटा उपसभापति ने.का. देवचुली
सदस्य श्री दुर्गा प्रसाद भुषाल अध्यक्ष जनतासमाजवादी पार्टी
सदस्य श्री खिमानन्द भुषाल अध्यक्ष प्र. खानेपानी कार्यालय
सदस्य श्री रेशमलाल सापकोटा अध्यक्ष उद्योग वा. संघ
सदस्य श्री शशीधर रेग्मी नेपाल रेडक्रस सोसाइटी, देवचुली
सदस्य श्री डा. बिद्या भुषाल प्रमुख कुम्रोली प्रा. स्वा. के.
सदस्य श्री लिला प्रसाद काफ्ले प्रमुख देवचुली स्वा. चौ.
सदस्य श्री लोकनाथ अर्याल प्रमुख प्रगतिनगर स्वा. चौ.
सदस्य श्री बेदबहादुर दाहाल प्रमुख रजहर स्वा. चौ.
सदस्य सचिव श्री राम कुमार श्रेष्ठ प्रमुख स्वास्थ्य शाखा
श्री बलराम गौतम स. प्र. नि.
श्री शिवराम पन्त प्र. ना. नि.
श्री राज कुमार श्रेष्ठ स. प्र. जे.
श्री अविनाश पन्थी प्रशासकीय अधिकृत दे.न.पा
श्री राम प्रसाद शर्मा उपसचीव शिक्षा शाखा
श्री श्रीभद्र पौडेल वडा का अधिकृत
श्री पितांबर मुडेल

प्रस्ताव

१. होम क्वारेन्टाइनको व्यवस्थापन तथा स्कूल क्वारेन्टाइन हटाउने सम्बन्धमा।
२. सामुदायीक क्वारेन्टाइन र होल्डिङ सेन्टरको स्थापना।
३. कोभिड-१९ कोषबाट भएको खर्च अनुमोदन सम्बन्धमा।

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

निर्णयहरु :

१. हाल नेपाल सरकारबाट लकडाउन खुलेको घोषणा गरेको अबस्थामा पनि कोरोना भाईरसको जोखिम कायम नै रहेकोले उच्च स्वास्थ्य सतर्कता अपनाउनका लागि आम नागरिकलाई सुरक्षित,संदेशमुलक जानकारी र सूचना स्थानिय टेलिभिजन,एफ.एम.,रेडियो,पर्चा पम्प्लेट,नगरपालिकाको वेव साइट,फेस बुक पेज मार्फत सम्प्रेषण गर्ने ।

२. यस अघि नगरपालिकाका बिभिन्न १५ वटा बिद्यालयमा क्वारेन्टिन संचालन गरिएकोमा उक्त बिद्यालयहरुमा रहेका क्वारेन्टिन क्रमश: खाली गर्दै लैजाने र पठनपाठन शुरुहुने अबस्थामा बालबालिकाको मनोविज्ञानमा पर्न सक्ने नकारात्माक असरको निराकरणका लागि क्वारेन्टिनको रुपमा प्रयोग भएका बिद्यालयका कक्षा कोठामा रंगरोगन गर्ने ।

३. नेपाल सरकारबाट मिति २०७७/०४/०२ मा स्वीकृत "होम क्वारेन्टिन सम्बन्धि मापदण्ड,२०७७" मा भएको व्यवस्था बमोजिम मापदण्ड पुग्ने निजि घरहरुमा कम्तिमा १४ दिनका लागि होम क्वारेन्टिनमा बस्नका लागि अनुरोध गर्ने र मापदण्डको परिपालन भए नभएको अनुगमन स्वास्थ्यकर्मी,सुरक्षाकर्मी,निर्बाचित जनप्रतिनिधि,राजनीतिक दलका प्रतिनिधि र टोल सुधार समितिका पदाधिकारी सम्मिलित समितिले गर्ने ।

४. बाहिरबाट आउने व्यक्तिहरुका लागि तत्काल होल्डिंग सेन्टरको स्थापना गर्नुपर्ने देखिएकोले देबचुली उद्योग बाणिज्य संघको हललाई होल्डिंग सेन्टरको रुपमा प्रयोग गर्ने । कोभिड -१९ र यसबाट सुरक्षित रहन अपनाउनुपर्ने सतर्कता सम्बन्धमा अनुशिक्षण प्रदान गरेर मात्र होम क्वारेन्टिन,सामुहिक क्वारेन्टिनमा पठाउने ।

५. होम क्वारेन्टिन सम्बन्धि मापदण्ड २०७७ अनुसार सम्भब भएसम्म मापदण्ड पुग्ने गरि होम क्वारेन्टिनमा रहन प्रेरित गर्ने र होम क्वारेन्टिनमा १४ दिन व्यथित गरे पश्चात कुनै लक्षण नदेखिएमा थप ७ दिन क्वारेन्टिनमा बस्ने र पी.सि.आर.टेस्ट गर्न नपर्ने ।

६. सामुहिक क्वारेन्टिनको रुपमा वडा नं.१ मा रहेको नवजागरण प्रा.बि.,वडा नं.८ मा रहेको आदिबासी जनजातिको भवन र वडा नं १७ मा रहेको कुमारबर्ती प्रा.बि.र जानकी प्रा.बि.लाई आबश्यक ब्यबस्थापन सहित उपयोग गर्ने ।

७. नगरपालिका क्षेत्र भित्र नगरपालिका वा सम्बन्धित वडा अध्यक्षको अनुमति बिना नगरपालिका बाहिर स्वदेश वा विदेशको उच्च जोखिमयुक्त क्षेत्रबाट प्रवेश गर्ने कामदार वा जो कोहीलाई प्रवेश निषेध गर्ने । अनुमति बेगर अन्य क्षेत्रबाट कामदार आएमा वा ल्याएमा प्रति व्यक्ति रु १०००/- र रोजगारदातालाई रु ५०००/- थप जरिवाना गरि जहाँबाट आएको हो त्यहिँ फिर्ता पठाउने ।

८. आम नागरिकलाई नेपाल सरकारले तोकेका मापदण्ड पालना गर्न अनुरोध गर्ने । मास्क बिना हिँडडुल गरेमा प्रतिव्यक्ति रु १००/- जरिवाना गर्ने, बजार र सार्बजनिक स्थलमा भिडभाड गर्न नदिने, अटोमा बढीमा २ जना सम्म मात्र यात्रु चढाउने व्यवस्था मिलाउने ।

९. बाह्य कामदारले गर्ने प्रकृतिका काम गर्नका लागि नगर क्षेत्रभित्रका बेरोजगार व्यक्तिहरुलाई सोहि प्रकृतिका सिप विकास संबन्धि तालिम दिने ।

१०. नगरपालिका भित्रका चटपटे पानीपुरी, ब्युटिपार्लर, सैलुन लगाएत नेपाल सरकारले संचालनमा रोक लगाएका ब्यापार ब्यबसाय संचालनमा रोक लगाउने ।

११. बिद्यालयको नियमित पठनपाठन र संचालन सम्बन्धमा नगर शिक्षा समितिको निर्णय अनुसार गर्ने ।

१२. लकडाउन सुरु भएपश्चात कोभिड-१९ नियन्त्रण, रोकथाम तथा ब्यबस्थापन कार्यमा हालसम्म खर्च भएको रकम रु ७५०६४३१.९३/- (अक्षरमा पचहत्तर लाख छ हजार चार सय एकतिस रुपैया त्रियानब्बे पैसा मात्र) अनुमोदन गर्ने निर्णय गरियो ।

१३. कुनै कामको लागि बाहिरबाट कामदार ल्याउन वा कामदार स्वयं आउन अनुमति मागेमा निजको बस्ने,काम गर्ने स्थानको स्वास्थ्यकर्मी,सुरक्षाकर्मी समेतबाट परिक्षण गरि सुरक्षित हुने देखिएमा,वडा अध्यक्षले अनुमति प्रदान गर्न सक्ने ।

१४. जेष्ठ नागरिक, अपांग, बिरामी, सुत्केरी, गर्भवती लगाएतको स्वास्थ्यमा बिशेष निगरानी र सहयोग गर्ने ।

२०७७/४/१२
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख